केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२३/०७३/७४

मिति: २०७४/०३/३०

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७३ को इ.प्रा.निर्देशन नं.१९/०७३ (सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी व्यवस्था) लाई खारेज गरी यसैसाथ संलग्न बमोजिमको इ.प्रा.निर्देशन नं.१९/०७३ (सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी व्यवस्था) २०७४/०४/०१ देखि लागु हुने गरी जारी गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

२०७४/३/३०

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(११) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ।

# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**इ.प्रा.निर्देशन नं. १९/०७३**

**सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था।**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्वन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त थप व्यवस्थाहरु गर्न जरुरी देखिएको हुँदा सोही ऐनको दफा ७प. र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरेको छ। विषय वा प्रसंगले आवश्यक भएकोमा बाहेक ऐन र नियमावलीमा गरिएका व्यवस्थाहरु यस निर्देशनमा उल्लेख गरिएको छैन।

**१. नीति तथा कार्यविधि सम्बन्धमा :**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७त. को उपदफा (१) बमोजिम नीति तथा कार्यविधि वनाई लागू गर्दा सोही दफाको उपदफा (२) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त देहाय बमोजिमका व्यवस्थाहरुलाई समेत समावेश गर्नु पर्नेछ।

(क) आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ख) जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धती,

(ग) जोखिममा आधारित ग्राहक पहिचान, अद्यावधिक तथा अनुगमन पद्धती,

(घ) अस्वभाविक तथा शंकास्पद कारोवारको पहिचान पद्धती,

(ङ) ऐनको परिच्छेद छख. र सम्पत्ती शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचिकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० बमोजिम गर्नुपर्ने कार्यहरु सम्पन्न गर्ने पद्धती,

**२. ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धमा :**

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा ऐनको दफा ७क. र नियमावलीको नियम ४ तथा ५ बमोजिम गर्नु पर्नेछ।

(२) ग्राहक पहिचान गर्दा कानूनी व्यक्ति वा प्रबन्धको तहगत संरचना वा स्वामित्व रहेको देखिएमा प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रवन्ध उपर नियन्त्रण गर्ने व्यक्ति अर्कै रहेको देखिएमा त्यस्ता व्यक्तिका अतिरिक्त नियमावलीको नियम ६ को उपनियम २ को बुँदा (क) बमोजिमको प्राकृतिक व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ।

(३) इजाजतपत्रप्राप्त संस्थाहरुले नियमावलीको नियम ३ बमोजिम व्यवसायिक सम्बन्ध नभएको वा खाता नभएको ग्राहकबाट रु. १ लाख वा सो बराबरको विदेशी मुद्रा भन्दा बढीको आकस्मिक कारोवार भएमा निज ग्राहकको पहिचान हुन सक्ने विवरण र कागजात लिनु पर्नेछ।

(४) कुनै प्राकृतिक व्यक्तिको कारोबारमा परिवार बाहेक अन्य कुनै व्यक्ति वास्तविक धनीको रुपमा रहेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ ।

(५) ग्राहक बाहेक अन्य कुनै व्यक्तिले ग्राहकको खातामा नगदै जम्मा गर्न आएमा रकम जम्मा गर्ने व्यक्तिको पहिचान हुन सक्ने विवरण तथा कागजात लिनुका साथै नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ ।

(६) ग्राहकको खाता खोल्ने सिलसिलामा नियमावलीको नियम ४ को उपनियम (४) मा तोकिए बमोजिम देहाय बमोजिमका व्यक्तिहरुको ल्याप्चे सहिछाप लिनु पर्नेछ ।

(क) प्राकृतिक व्यक्तिको हकमा खातावाला र खाता सञ्चालक व्यक्ति अन्य रहेकोमा निजको समेत । तर, नावालकको हकमा खाता सञ्चालकको मात्र लिन बाधा पर्ने छैन ।

(ख) कानूनी व्यक्ति वा प्रवन्धको हकमा खाता सञ्चालक ।

(७) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका कार्यालय वा निकायहरु, विशेष ऐन अन्तर्गत स्थापित निकाय, नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्था, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु, संयुक्त राष्ट्र संघ वा सो अन्तर्गतका कार्यालय तथा विशिष्टिकृत निकाय एवम् अन्तर्राष्ट्रिय संस्थाहरु र विदेशी राजदूतावासहरुको हकमा ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा खाता सञ्चालकहरुको मात्र व्यक्तिगत विवरण लिन सकिने छ ।

(८) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा यस निर्देशनको अनुसूची १९.१ मा तोकिएका कागजात तथा विवरणहरु लिनु पर्नेछ । साथै, ऐन, नियमावली तथा यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा थप कागजात तथा विवरणहरु लिन आवश्यक देखिएमा सो समेत लिनु पर्नेछ ।

**३. सूचिकृत व्यक्ति पहिचान सम्बन्धमा :**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले ऐनको परिच्छेद ६ख. अन्तर्गतको दफा २९ङ. को उपदफा (१) र (३) बमोजिम प्रकाशित सूची नियमित रुपमा हेर्नु पर्नेछ र सो सूचिकृत व्यक्ति, समूह वा संगठन आफ्नो ग्राहक भए नभएको यकीन गरी आदेशानुसारको कार्य गर्नु पर्नेछ ।

**४. उच्च पदस्थ व्यक्ति पहिचान सम्बन्धमा :**

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७ख. बमोजिम उच्च पदस्थ व्यक्तिको विशेष पहिचान वा यकिन गर्ने प्रयोजनका लागि देहाय बमोजिमका संयन्त्रहरुको समेत स्थापना गर्नु पर्नेछ ।

(क) ग्राहकको खाता खोल्दा, ग्राहकसँग कारोवार गर्दा र ग्राहकको विवरण नियमित रुपले अद्यावधिक गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने संयन्त्र ,

(ख) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान हुने संयन्त्र,

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान हुने संयन्त्र,

(घ) उच्च पदस्थ व्यक्तिको पदिय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान हुने संयन्त्र,

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमको प्रक्रियाहरु अवलम्वन गर्नु पर्नेछ :-

(क) ग्राहकवाट सूचना लिने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सुचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने र

(घ) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने ।

(३) उच्च पदस्थ व्यक्तिको अभिलेख नीज पदवाट अवकाश वा मुक्त भएको मितिले ५ वर्षसम्म कायम राख्नु पर्नेछ ।

**५. वास्तविक धनी पहिचान सम्बन्धमा :**

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७ग. तथा नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्न देहाय बमोजिमका संयन्त्रहरुको स्थापना गर्नु पर्नेछ ।

(क) वास्तविक धनी पहिचान गर्ने संयन्त्र,

(ख) वास्तविक धनी र नीजसँग सम्बद्ध कारोवारको सुक्ष्म अनुगमन गर्ने संयन्त्र र

(ग) वास्तविक धनी र नीजसँग सम्बन्धित सम्पूर्ण कारोवारहरुको एकीकृत रुपमा अनुगमन गर्ने संयन्त्र ।

(२) वास्तविक धनी पहिचान गर्दा देहाय बमोजिमको प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछ :-

(क) ग्राहकवाट सूचना लिने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सुचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने,

(घ) प्रचलित कानून बमोजिम राखिएको अभिलेखबाट सूचना लिने र

(ङ) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने ।

(३) वास्तविक धनी सम्बन्धी अभिलेख व्यवसायिक सम्बन्ध वा कारोवार समाप्त भएको मितिले ५ वर्षसम्म कायम राख्नु पर्नेछ ।

**६. बृहत् ग्राहक पहिचान सम्बन्धमा :**

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले ऐनको दफा ७ङ. को उपदफा (१) मा उल्लेख भएका ग्राहकहरुका अतिरिक्त देहाय बमोजिमका ग्राहकहरुसँग व्यावसायिक सम्बन्ध स्थापना वा कारोवार गर्दा समेत बृहत् ग्राहक पहिचान पद्धती अवलम्बन गर्नु पर्नेछ ।

(क) विद्युतिय माध्यमबाट कारोबार गर्ने ग्राहक,

(ख) उच्च नेटवर्थ भएका ग्राहक,

(यस प्रयोजनका लागि उच्च नेटवर्थ जनाउने सीमा बैंक तथा वित्तीय संस्थाहरुले आफै निर्धारण गर्नु पर्नेछ ।)

(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अपराधमा संलग्न हुन सक्ने आधार देखिएका ग्राहक,

(घ) भ्रष्टाचार, करछली लगायत अन्य अपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक,

(यस प्रयोजनका लागि सम्बन्धित मुलुकहरुको सूची तयार गरी नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ ।)

(ङ) नगदको वढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक ।

(२) उपबुँदा नं. १ बमोजिमका ग्राहकहरुसँग व्यवसायिक सम्बन्ध स्थापना गर्दा वा कारोवार गर्दा नियमावलीको नियम ८ मा उल्लेखित उपायहरुका अतिरिक्त देहायका थप उपायहरु अवलम्बन गरी बृहत् ग्राहक पहिचान पद्धति (Enhanced Customer Due Deligence, ECDD) अवलम्बन गर्नु पर्नेछ ।

(क) सम्पत्तिको स्रोत पहिचान गर्ने ।

(ख) कारोबारको उद्देश्यको जानकारी लिने ।

(ग) कारोवारको अनुगमन गर्ने प्रयोजनका लागी सीमा निर्धारण गर्ने ।

**७. सरलीकृत ग्राहक पहिचान सम्बन्धमा :**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछन् । यसरी सरलीकृत ग्राहक पहिचान तथा सो को सम्पुष्टि गर्दा देहाय बमोजिमका मापदण्ड/प्रक्रियाहरु अपनाउनु पर्नेछ ।

(१) सरलीकृत ग्राहक पहिचानका लागि उपयुक्त पद्धतीको विकास गर्नु पर्नेछ ।

(२) सरलीकृत ग्राहक पहिचान पद्धती अपनाइएका ग्राहकहरुको विवरण राख्नु पर्नेछ ।

(३) सरलीकृत ग्राहक पहिचान पद्धती अपनाई खोलिने खाताहरुको लागि छुट्टै फारामको विकास गर्नु पर्नेछ ।

(४) नियमावलीको नियम ९ को उपनियम (२) मा उल्लेख भए बमोजिम खोलिने खाताहरुको सम्बन्धमा यस बैंकको पुर्व स्वीकृति लिनु पर्नेछ । तर, ३ महिना वा सो भन्दा कम अवधिको उत्पादन वा सेवा प्रवाहसँग सम्बन्धित कार्यक्रमका लागि खाता खोल्नु परेमा यस बैंकको पूर्व स्वीकृति आवश्यक पर्ने छैन ।

**८. ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक सम्बन्धमा :**

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा भएको पहिचान तथा सम्पुष्टिको पुनरावलोकन गरी २०७५ आषाढ महिनाभित्र ऐन, नियमावली तथा यस निर्देशन बमाजिम अद्यावधिक गरिसक्नु पर्नेछ ।

(२) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ग्राहक पहिचान सम्बन्धी विवरणहरु देहाय बमोजिम नियमित रुपले अद्यावधिक गर्नु पर्नेछ ।

(क) उच्च जोखिम देखिएका ग्राहकको कम्तीमा वर्षको १ पटक,

(ख) ग्राहक पहिचान विवरण अनुरुप कारोवार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचानको कार्य पुरा नभएको अवस्थामा तत्काल ।

(घ) ग्राहक पहिचान विवरणमा उल्लेखित सूचना, जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तताको बारेमा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई शंका लागेको अवस्थामा तत्काल ।

(३) बैंक तथा वित्तीय संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको विश्लेषण गरी ग्राहक पहिचानलाई अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) ग्राहक पहिचान अद्यावधिक गर्दा आफुसँग भएको पूर्व सूचना वा कागजात वाहेक परिवर्तन भएको, हुन सक्ने र नयाँ विवरण तथा कागजात मात्र सम्बन्धित ग्राहकसँग माग गर्नु पर्नेछ ।

(५) ग्राहकको विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई दिनुपर्ने न्यूनतम सूचना वा जानकारी लिनु पर्नेछ ।

(६) ग्राहक पहिचान अद्यावधिक गर्ने क्रममा यथासम्भव प्रयास गर्दा समेत सम्पर्क हुन नसकेका ग्राहकको छुट्टै विवरण तयार गर्नु पर्नेछ ।

## ९. जोखिम व्यवस्थापन सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७घ. बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा देहाय बमोजिमका विषयलाई समेत आधार लिनु पर्नेछ ।

(क) मुलुकको राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) AML/CFT को सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यवसायिक सम्बन्ध, कारोबारको सीमा र प्रकृति ।

(२) उपबुँदा नं.(१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ । सम्बन्धित बैंक वा वित्तीय संस्थाले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन् ।

## १०. वायर स्थानान्तरण सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले ऐनको दफा ७ठ. बमोजिम वायर स्थानान्तरण सम्वन्धी कार्य गर्नु पर्नेछ । तर, आवश्यक विवरणहरु नखुलेको कुनै वायर स्थानान्तरण शंकास्पद लागेमा त्यस्तो वायर स्थानान्तरणलाई अस्वीकार वा स्थगित गरी तत्काल सम्बन्धित निकायमा जानकारी गराउनु पर्नेछ ।

(२) ग्राहकले अन्तर्राष्ट्रिय वायर ट्रान्सफर वापत रकम प्राप्त गर्न उपलब्ध गराएको विवरण स्थानीय वायर स्थानान्तरणसँग सम्बन्धित देखिएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले स्थानीय वायर स्थानान्तरण मार्फत् रकम पठाउने व्यक्ति वा संस्थाको विवरण तयार गर्नु पर्नेछ । साथै, एउटै व्यक्ति वा संस्थाले यस प्रकृतिको कार्य ग्राहक पहिचान विवरणसँग मेल नखाने गरी पटक पटक गरेको पाइएमा वित्तीय जानकारी इकाईलाई जानकारी गराउनु पर्नेछ ।

## ११. सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध कायम गर्दा तथा कारोबार गर्दा ऐनको दफा ७ड. बमोजिमको उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(२) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध तथा कारोबारको समय समयमा समीक्षा गर्नु पर्नेछ । सो समीक्षाबाट करेस्पोण्डिङ्ग बैंकले AML/CFT Measures को परिपालना गरे नगरेको यकिन गर्नु पर्नेछ र करेस्पोण्डिङ्ग बैंकले AML/CFT Measures को परिपालना गरेको नपाइएमा सो बैंकसँगको सम्बन्ध अन्त्य गर्नु पर्नेछ ।

## १२. निरन्तर अनुगमन सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७फ. बमोजिम निरन्तर अनुगमन (Ongoing Due Deligence) गर्नु पर्नेछ ।

(२) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफुले जारी गरेका विद्युतीय उपकरण वा कार्डको विदेशमा भएको प्रयोग ग्राहकले आफुलाई दिएको जानकारी वा उद्देश्य अनुरुप भए/नभएको र विदेशी बैंक वा वित्तीय संस्थाले जारी गरेको विद्युतीय उपकरण वा कार्यको प्रयोग आफ्नो संयन्त्र मार्फत् भएको प्रयोगको समेत निरन्तर अनुगमन गर्नु पर्नेछ । यसरी अनुगमन गर्दा शंकास्पद देखिएमा त्यस्तो विद्युतीय उपकरण वा कार्डको प्रयोगमा रोक लगाई वित्तीय जानकारी इकाई लगायत सम्बन्धित अन्य निकायमा तत्काल जानकारी गराउनु पर्नेछ ।

## १३. सीमा कारोबार सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले कुनै व्यक्ति वा संस्थाले ऐनको दफा १०क. बमोजिम देहायका सीमा (Threshold) भन्दा बढी स्वदेशी वा विदेशी मुद्राको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५ दिनभित्र अनुसूची १९.२ मा तोकिएको ढाँचामा वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ ।

(क) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद कारोबार,

(ख) कुनै ग्राहकलाई एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा बढी रकम बराबरको विदेशी मुद्राको भुक्तानी वा नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण,

(ग) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. ५ लाख वा सो भन्दा बढी रकमको विदेशी मुद्रा सटही कारोबार ।

(२) रु.१० लाख वा सो भन्दा बढीको निक्षेप स्वीकार गर्दा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रकमको स्रोत ग्राहकलाई उल्लेख गर्न लगाउनु पर्नेछ ।

(३) यस बुँदामा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देहायका सरकारी कार्यालय, संस्था तथा व्यक्तिहरुले गरेको कारोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक हुने छैन । तर, छुट दिइएका उक्त कारोवारहरुको हकमा शंकास्पद कारोवारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिएको मानिने छैन ।

(क) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको कार्यालय वा निकायले गरेको कारोबार,

(ख) विशेष ऐन अन्तर्गत स्थापित निकायले गरेको कारोबार,

(ग) इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले संस्थागत रुपमा आफैं वा अन्य इजाजतपत्रप्राप्त बैंक वित्तीय संस्था वा सरकारी निकायसँग गरेको कारोबार,

(घ) पब्लिक लिमिटेड कम्पनीले अन्य पब्लिक कम्पनी, सरकारी वा अर्ध सरकारी कार्यालय, संघ, संस्था, कम्पनी वा निकाय, विशेष कानुन बमोजिम स्थापित निकायसँग गरेको कारोबार,

(ङ) पुनरर्बीमा व्यवसायको काम कारोबार गर्दा बीमा कम्पनीले गरेको कारोबार,

(च) कुनै इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले आफ्नो ग्राहकलाई प्रचलित कानुन बमोजिम कर्जा सापटी वा सुबिधा प्रदान गरेको कारोबार,

(छ) संयुक्त राष्ट्र संघ, सो अर्न्तगतका कार्यालय तथा यसका बिशिष्टीकृत निकाय र अन्तर्राष्ट्रिय संस्थाहरुले गरेको कारोबार,

(ज) कुनै बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीलाई दिएको सेवा सुबिधा वापतको कारोवार, र

(झ) बैंक तथा वित्तीय संस्थाहरुले जारी गरेको चेकमार्फत कुनै एक बैंक वा वित्तीय संस्थामा रहेको खाताबाट अर्को बैंक वा वित्तीय संस्थामा रहेको खातामा नेपालभित्र रकम ट्रान्सफर (नगदमा बाहेक) भएको कारोबार ।

## १४. शंकास्पद कारोबार सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७ढ. को उपदफा (१) मा उल्लेखित खास कारोबारका सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नु पर्नेछ ।

(२) ऐनको दफा ७ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन यसै निर्देशनको अनुसूची १९.३ बमोजिमको ढाँचामा तयार गरी ३ दिनभित्र वित्तीय जाकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको मापदण्डहरुलाई आधार मान्नु पर्नेछ ।

(३) अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारीमा आएको अवस्थामा बाहेक वित्तीय जानकारी इकाईलाई सूचित गर्न आवश्यक हुने छैन । तर, त्यस्ता व्यक्ति वा संस्था तथा सो को कारोबार सम्बन्धी विवरण माग गरिएको अवस्थामा उपलब्ध गराउन सक्ने गरी तयार गरी राख्नु पर्नेछ ।

**१५. सूचनाको गोप्यता सम्बन्धमा :**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम तयार गरिएका प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई जानकारी दिनु हुँदैन । कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाइएमा ऐनको दफा ३७ बमोजिम बचाऊ हुने अवस्थामा बाहेक अन्य अवस्थामा दफा ४४क. बमोजिम सजाय हुनेछ ।

**१६. आन्तरिक नियन्त्रण सम्बन्धमा :**

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको संचालक समितिले ऐन, नियमावली र यस निर्देशनको पालना हुने गरी आवश्यक आन्तरिक नीति, कार्यविधि वा नियन्त्रण प्रणालीको तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

(२) ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनु पर्नेछ ।

(३) उपबुँदा नं.२ बमोजिम नियुक्त कार्यान्वयन अधिकारीको काम, कर्तव्य तथा अधिकार ऐनको दफा ७त. को उपदफा (४) बमोजिमको अतिरिक्त देहाय बमोजिम समेत हुने गरी तोक्नु पर्नेछ ।

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी वनाउन Focal Point को रुपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा गर्न नीति, कार्यविधि र प्रणाली मस्यौदा तर्जुमा गरी पेश गर्ने,

(ग) विभाग, पदाधिकारी तथा कर्मचारीवाट ऐन, नियमावली र यस निर्देशन बमोजिम प्राप्त अस्वभाविक वा शंकास्पद कारोवार सम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्वाध रुपमा जुनसुकै वखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(४) कार्यान्वयन अधिकारी प्रमुख रहने गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले एक अलग्गै AML/CFT Unit खडा गर्नु पर्नेछ र सो Unit मा आवश्यक कर्मचारीहरुको व्यवस्था समेत गर्नु पर्नेछ ।

(५) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगर्ने सम्बन्धित बैंक वा वित्तीय संस्थाका पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाहीको सिफारिश गर्नु पर्नेछ र सो सिफारिश बमोजिम सम्बन्धित बैंक वा वित्तीय संस्थाले कारबाही गर्नु पर्नेछ । यसरी गरिएको कारबाहीको जानकारी वित्तीय जानकारी इकाईलाई गराउनु पर्नेछ ।

(५) बैंक तथा वित्तीय संस्थाको जोखिम व्यवस्थापन समितिले कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए/गरेका काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदन उपर सञ्चालक समितिले आवश्यक समीक्षा गर्नु पर्नेछ ।

(६) ऐन, नियमावली र यस निर्देशनको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो शेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापन र कर्मचारीहरुलाई देहाय बमोजिम हुने गरी संस्थागत क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(क) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व भएका शेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यस्थापनलाई यस विषयको गाम्भीर्यताका बारेमा ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रम सञ्चालन गर्ने ।

(ख) कर्मचारीको हकमा क्षमता अभिवृद्धिका लागि नियमित रुपले ज्ञान प्रदान गर्ने कार्यक्रममा सहभागी गराउने ।

(ग) कार्यान्वयन अधिकारी र AML/CFT Unit को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न अन्य कर्मचारीहरुलाई AML/CFT सम्बन्धी बिषयमा उपयुक्त स्वदेशी तथा वैदेशिक तालिम कार्यक्रममा सहभागी गराउने ।

**१७. अभिलेख व्यवस्थापन सम्बन्धमा :**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७द. र नियमावलीको नियम १२ बमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच बर्षसम्म सुरक्षित राख्नु पर्नेछ । साथै, उपरोक्त विवरणहरु आवश्यक परेको वखत तत्काल उपलब्ध गराउन सकिने गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्नु पर्नेछ । यसरी राखेको अभिलेख कानूनी कारबाहीको सिलसिलामा प्रमाण स्वरुप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ ।

**१८. कारबाही तथा सजाय सम्बन्धमा :**

(१) ऐन, नियमावली तथा यस निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र त्यस्तो बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा पदाधिकारीलाई ऐन बमोजिमको कारबाही हुनेछ ।

(२) उपबुँदा नं. १ बमोजिम कारवाही गर्दा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सो बाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यताका आधारमा यस बैंकले देहाय बमोजिमको कारबाहीहरु गर्न सक्नेछ ।

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नभएमा | • पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>• दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ५ करोडसम्म जरिवाना गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| २ | ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | • पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>• दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| ३ | जानीबुझी बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | • रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| ४ | ऐनको परिच्छेद ६ख को व्यवस्था पालना भएको नपाइएमा | • पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>• तेश्रो पटकदेखि रु. २ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।<br>• पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा इजाजतपत्र निलम्वन वा खारेज गर्ने सम्मको कारबाही गर्ने । |
| ५ | उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | • पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>• तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ६ | वास्तविक धनीको पहिचान गर्ने, वृहत ग्राहक पहिचान गर्ने तथा ग्राहक पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | • पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>• तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ७ | जोखिम व्यवस्थापन समितिले तोकिए बमोजिम कार्य गरेको नपाइएमा | • रु. १० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ८ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा ग्राहकको पहिचान हुन नसकेमा | • रु. १० लाख वा कारोवार रकम जुन वढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ९ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा वास्तविक धनीको पहिचान हुन नसकेमा | • रु. २० लाख वा कारोवार रकम जुन वढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप । |
| १० | यस निर्देशन बमोजिम AML/CFT का विधि (Measures) लाई रुजु/एकिन नगरी करेस्पोण्डेन्ट बैकिङ्ग सम्वन्धी कारोवार गरेमा | • रु. १० लाख वा कारोवार रकम जुन वढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ११ | निरन्तर अनुगमन सम्वन्धी व्यवस्था नभएमा | • पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| १२ | सीमा कारोबारको विवरण वित्तीय जानकारी इकाईमा तोकिएको समयमा पेश नगरेमा | • पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>• तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १३ | शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोवार प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा | • पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>• तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १४ | कार्यान्वयन अधिकारीको व्यवस्था नगरेमा | • रु. २० लाख जरिवाना गर्ने । |
| १५ | जोखिम व्यवस्थापन समितिले पेश गर्नुपर्ने प्रतिवेदन समयमा पेश नगरेमा तथा संचालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | • पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>• दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| १६ | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | • पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>• दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| १७ | तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | • पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>• दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |

(३) यस बुँदा बमोजिम गरिने कारवाही अर्पयाप्त भएको लागेमा बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस बैंकले थप कारवाही गर्न सक्नेछ ।

(४) बैंक तथा वित्तीय संस्थालाई यस बुँदा बमोजिम कारवाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारवाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सम्वन्धित बैंक तथा वित्तीय संस्थाले प्रचलित कानून वा संस्थाको विनियमावली बमोजिम कारवाही गर्नु पर्नेछ ।

## १९. खारेजी र वचाऊ :

(१) एकीकृत निर्देशन, २०७३ को ग्राहक पहिचान सम्बन्धी व्यवस्था साविक इ.प्रा. निर्देशन नं. १९/०७३ लाई खारेज गरिएको छ ।

(२) ऐन, नियमावली र यस निर्देशनले बन्देज लगाएको अवस्थाहरुमा बाहेक उपबुँदा (१) बमोजिम खारेज गरिएको निर्देशन बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# ग्राहक पहिचान तथा सोको सम्पुष्टी गर्दा लिनु पर्ने कागजात तथा विवरणहरु

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै पनि ग्राहकको खाता खोल्दा ग्राहकको प्रकृति अनुसार देहायका विवरण तथा कागजातहरु लिनु पर्नेछ ।

(क) <u>व्यक्तिगत खाता (नेपाली नागरिकको हकमा)</u>

(१) नाम, थर लिङ्ग :

(२) जन्म मिति : राष्ट्रियताः

(३) स्थायी ठेगानाः

जिल्ला............... न.पा. / गा.पा................. वडा नं.... टोल / गाँउ...........घर नम्बर............

टेलिफोन नं..................मोवाइल नं.....................इमेल ठेगाना......................

(४) हालको ठेगानाः

जिल्ला............... न.पा. / गा.पा................. वडा नं.... टोल / गाँउ...........घर नम्बर............

टेलिफोन नं..................मोवाइल नं.....................इमेल ठेगाना......................

(५) देहाय बमोजिमको न्युनतम एक विवरण र सोको सम्पुष्टि गर्ने कागजात

<u>क. नागरिकता</u>

नागरिकता नं...........जारी गर्ने जिल्ला................ जारी मिति................

<u>ख. राहदानी</u>

राहदानी नं.............जारी गर्ने जिल्ला................ जारी मिति.......... अन्तिम मिति .....................

<u>ग. मतदाता परिचयपत्र</u>

परिचयपत्र नं...........जारी गर्ने निकाय.................जारी मिति................

<u>घ. सवारीचालक अनुमतिपत्र</u>

अनुमतिपत्र नं.........जारी गर्ने निकाय..................जारी मिति......... अन्तिम मिति ......................

(६) नावालकको हकमा

<u>क. जन्म दर्ता प्रमाणपत्र वा नावालक परिचयपत्र</u>

प्रमाणपत्र / परिचयपत्र नं.............. जारी गर्ने निकाय................. जारी मिति................

<u>ख. अभिभावक वा संरक्षकको नागरिकता / राहदानी / मतदाता परिचयपत्र / सवारीचालक अनुमतिपत्र</u>

नम्बर........... जारी गर्ने निकाय............. जारी मिति............ अन्तिम मिति ................

(७) नागरिकता नलिएको नेपाली नागरिकको हकमा

<u>क. गाउँपालिका वा महा / उपमहा / नगरपालिकाको सिफारिस</u>

सिफारिस / चलानी नं.................जारी गर्ने निकाय........................ जारी मिति................

(८) स्थायी लेखा नम्बर (उपलब्ध भएको / अन्य निर्देशन बमोजिम आवश्यक भएको हकमा मात्र):

(९) आमाबाबु वा आमा वा बाबु मध्ये कुनै एकको पूरा नाम

*(नोटः परिवारका अन्य सदस्यहरु (जस्तै पति / पत्नि, बाजे, छोरा, छोरी, बुहारी, दाई, भाई, विवाहित महिलाको हकमा ससुरा / सासु)को विवरण बैंक तथा वित्तीय संस्थाले आवश्यक ठानेको खण्डमा लिन*

*सक्नेछन् ।)*

(१०) संलग्न रहेको पेशा/व्यवसाय:

*(संस्थाको नाम, ठेगाना, सम्पर्क नं., पद, अनुमानित वार्षिक आम्दानी/पारिश्रमिक तथा अन्य विवरण)*

(११) निवेदकले संलग्न गनुपर्ने कागजातहरु:

(अ) नागरिकता वा राहदानी वा स्थायी लेखा नम्बरको प्रमाणपत्र वा सरकारी, सार्वजनिक संस्था तथा संगठित संस्थाका नेपाली कर्मचारीको हकमा निजको कर्मचारी परिचयपत्र वा नेपाल सरकारबाट अनुदानप्राप्त विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका कर्मचारी, शिक्षक वा प्राध्यापकको हकमा निजको कर्मचारी/शिक्षक/प्राध्यापक परिचयपत्रको छबिचित्र

(आ) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

(१२) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**स्पष्टीकरण:**

(१) घर नं., टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना, राहदानी, पेशा व्यवसाय, स्थायी लेखा नम्बर जस्ता विवरणहरु नभएका निवेदकको हकमा त्यस्ता विवरण उल्लेख गर्न अनिवार्य हुने छैन । तर सो विवरणहरु आफुसँग नरहेको व्यहोरा स्वघोषणा गराउनु पर्नेछ ।

(२) यस निर्देशन बमोजिम बृहत ग्राहक पहिचान पद्धति (ECDD) अपनाउनु पर्ने ग्राहकहरुको हकमा भने एकाघर परिवारका सदस्यहरुको नागरिकताको छबिचित्र (नावालकको हकमा परिचयपत्र) लिनु पर्नेछ ।

(३) शरणार्थीको हकमा नागरिकताको सट्टा नेपाल सरकार वा अन्य आधिकारिक निकायले दिएको परिचय पत्रको छबिचित्रलाई आधार लिन सकिनेछ ।

**(ख) साझेदारी वा व्यक्तिगत फर्मको खाता**

(१) फर्मको नाम

(२) रजिर्ष्टर्ड कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(३) व्यावसायिक कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बरवा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) व्यवसाय/कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१० प्रोप्राइटर, साझेदार र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) प्रोप्राइटर, साझेदार र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्टका छबिचित्र

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण ।

(१३) पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र वा कर दाखिला विवरण

(१४) फर्मका साझेदार बीच भएको कबुलियतनामा

(१५) साझेदार फर्म भए आर्थिक तथा प्रशासनिक कारोबार गर्ने सम्बन्धमा दिएको अख्तियारनामा

(१६) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**(ग) कम्पनीको खाता**

(१) कम्पनीको नाम

(२) रजिर्ष्टर्ड कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(३) व्यावसायिक कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बरवा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) व्यवसाय/कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक, व्यवस्थापन समिति वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख, खाता सञ्चालकहरु र उच्च व्यवस्थापकको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) दश प्रतिशत वा सो भन्दा बढी शेयर धारण गर्ने शेयरधनीको व्यक्तिगत विवरण (नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(१२) सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्टको छविचित्र ।

(१३) कम्पनीको दश प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व धारण गर्ने कानूनी व्यक्ति (कम्पनी, संस्था) को हकमा सो कानूनी व्यक्तिको दश प्रतिशत वा सो भन्दा बढी शेयर धारण गर्ने शेयरधनीकोव्यक्तिगत विवरण (नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(१४) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१५) पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र वा कर दाखिला विवरण

(१६) विदेशी कम्पनीको सहायक कम्पनी भएमा विदेशी मुख्य कम्पनीको नाम र ठेगाना

(१७) संस्थापना र गठन सम्बन्धी प्रमाणपत्र तथा कम्पनीको प्रबन्धपत्र र नियमावली

(१८) खाता खोल्ने र खाता सञ्चालन गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी

(१९) सञ्चालक समितिले कार्यकारी प्रमुख र अन्य अधिकृत कर्मचारीलाई आर्थिक कारोबारको सम्बन्धमा प्रदान गरेको अख्तियारी

(२०) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**स्पष्टीकरणः**

(१) विशेष ऐन अन्तर्गत स्थापना भएका संगठित संस्थाहरुको हकमा दर्ताको प्रमाणपत्र सम्बन्धी विवरण लिन अनिवार्य हुने छैन ।

## (घ) क्लब/गैरसरकारी संघ/संस्थाको खाता

(१) क्लब तथा गैरसरकारी संघ संस्थाको नाम

(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)

(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तीत ठेगाना

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बरवा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना,टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) कार्य समितिका सदस्य,ट्रष्टी, नियन्त्रक, संरक्षक वा सेटलरको व्यक्तिगत विवरण(पद, नाम, थर,स्थायी ठेगाना, हालको ठेगाना,इमेल ठेगाना तथा कार्यरत संस्थाको नाम, ठेगाना र सम्पर्क नं.) तथा ठेगाना खुल्ने कागजात

(११) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानीको छबिचित्र

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) संस्था दर्ता प्रमाणपत्रको छबिचित्र

(१४) विधान

(१५) खाता खोल्ने सम्बन्धी कार्य समितिको निर्णय

(१६) खाता सञ्चालन तथा आर्थिक कारोबार सम्बन्धी अख्तियारी

(१७) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

## (ङ) सहकारी संस्थाको खाता

(१) संस्थाको नाम

(२) रजिर्ष्टर्ड कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(३) व्यावसायिक कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) व्यवसाय/कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोबाइल नं., इमेल ठेगाना)

(११) सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानीको छबिचित्र

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र वा कर दाखिला विवरण

(१४) संस्थाको विनियम

(१५) संस्था दर्ता सम्बन्धी प्रमाणपत्रको छबिचित्र

(१६) खाता खोल्ने सम्बन्धी सञ्चालक समितिको निर्णय र आर्थिक कारोबार गर्ने सम्बन्धी अख्तियारी

(१७) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(च) <u>सार्वजनिक गुठी वा निजी गुठीको खाता</u>

(१) नाम

(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)

(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक वा व्यवस्थापन समितिका सदस्य वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानीको छबिचित्र तथा सञ्चालक वा व्यवस्थापन समितिका सदस्यहरुको ठेगाना खुल्ने कागजात

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) पछिल्लो आर्थिक वर्षको कर दाखिला विवरण

(१४) विधान

(१५) गुठी स्थापना सम्बन्धी भएको कबुलियतनामा

(१६) गुठी स्थापना सम्बन्धी प्रमाणपत्रको प्रमाणित छबिचित्र

(१७) खाता खोल्ने सम्बन्धी सञ्चालक/व्यवस्थापन समितिको निर्णय र आर्थिक कारोबार सम्बन्धी अख्तियारी

(१८) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**(छ) स्कुल वा क्याम्पसको खाता**

(१) स्कुल वा क्याम्पसको नाम

(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)

(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तीत ठेगाना

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)

(५) स्थायी लेखा नम्बरस्थायी लेखा नम्बरवा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर

(६) कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक वा व्यवस्थापन समितिका सदस्य वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानीको छबिचित्र

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) पछिल्लो आर्थिक वर्षको कर दाखिला विवरण

(१४) प्रबन्धपत्र र नियमावली

(१५) संस्था स्वीकृतिको प्रमाणपत्रको प्रमाणित छबिचित्र

(१६) सञ्चालक/व्यवस्थापन समितिले खाता खोल्ने सम्बन्धी गरेको निर्णय र आर्थिक कारोबार सम्बन्धी दिएको अख्तियारी

(१७) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**(ज) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको खाता**

(१) संस्थाको नाम

(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)

(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तीत ठेगाना

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)

(५) स्थायी लेखा नम्बरवा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र

नम्बर,

(६) कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक,ट्रष्टी, नियन्त्रक, संरक्षक वा सेटलर, कार्यकारी प्रमुख, नेपालका लागि नियुक्त प्रतिनिधि वा प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., इमेल ठेगाना वा कार्यस्थलको पुरा ठेगाना) तथा ठेगाना खुल्ने कागजात

(११) कार्यकारी प्रमुख, नेपालका लागि नियुक्त प्रतिनिधि वा प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानीको छबिचित्र

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) कर विवरण दाखिला गर्नुपर्ने संस्थाको हकमा पछिल्लो आर्थिक वर्षको कर दाखिला विवरण

(१४) समाज कल्याण परिषद् र संस्था बीच कुनै सम्झौता भएको भए सम्झौताको प्रतिलिपी

(१५) नेपाल सरकारसँग कुनै सम्झौता भएको भए सो सम्झौता

(१६) नेपालको कुनै आधिकारिक निकायबाट सम्बन्धन वा स्वीकृति लिइसकेका अन्तर्राष्ट्रिय गै.स.सं. बाहेक अन्य अन्तर्राष्ट्रिय गै.स.सं.को हकमा सम्बन्धित देश वा सो देशको राजदूतावासको सिफारिश पत्र ।

(१७) संस्थाको विधान

(१८) संस्थाले खाता खोल्न दिएको अख्तियारी र आर्थिक कारोबार गर्न दिएको अख्तियारी

(१९) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

## (झ) विदेशी व्यक्तिको खाता

(१) पुरा नाम, थर

(२) राष्ट्रियता

(३) विदेशको ठेगाना (स्थायी र अस्थायी)

(४) नेपालको ठेगाना

(५) परिवारका सदस्यहरुको विवरण

(६) क. अनिवार्य विवरण: बाबुआमावा बाबु वा आमाको पुरा नाम, थर

(७) ख. थप सदस्यहरुको विवरण : पति/पत्नि, बाजेको पुरा नाम, थर

(८) राहदानी/भिसा:

(९) राहदानी नं..........जारी गर्ने देश..........जारी गरेको स्थान ......... जारी मिति...............अन्तिम मिति ..........................भिसाको अवधि नाघ्ने मिति..............

(१०) म्याद ननाघेको भिसाको प्रमाणित छबिचित्र

(११) राहदानीको प्रतिलिपी

(१२) कर्मचारी भए कार्यरत संस्थाको नाम, ठेगाना, सम्पर्क नं. र सिफारिश पत्र

(१३) राहदानी नभएका भारतीय नागरिकको हकमा भारतीय कानून बमोजिम नागरिक हो भनी लिएको प्रमाणपत्रको नम्बर, मिति, जारी गर्ने निकाय र स्थान । सम्बन्धित संस्थाले आवश्यक ठानेमा भारतीय राजदुतावासको पत्र समेत माग गर्न सक्नेछ ।

(१४) शरणार्थीको हकमा सम्बन्धित सरकारी वा अन्तर्राष्ट्रिय निकायले दिएको परिचयपत्र नम्बर, जारी र

समाप्ति मिति र जारी भएको स्थान ।

(१५) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ञ) विदेशी कम्पनीको खाता

(१) कम्पनीको नाम

(२) विदेशी कम्पनीको विदेशमा रहेको रजिर्ष्टर्ड कार्यालयको पुरा ठेगाना (देश, प्रान्त/राज्य, शहर, मार्ग, घर नं., टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट आदि)

(३) विदेशी कम्पनीको विदेशमा रहेको व्यावसायिक कार्यालयको ठेगाना (देश, प्रान्त/राज्य, शहर, मार्ग, घर नं., टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट आदि)

(४) विदेशी कम्पनीको नेपाल स्थित कार्यालयको पुरा ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट आदि)

(५) नेपाल स्थित कार्यालयको किसिम (शाखा, सम्पर्क, परियोजना वा अन्य कुनै)

(६) विदेशमा दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने देश, दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(७) नेपालमा दर्ता भएको भए सो सम्बन्धी विवरण तथा कागजात (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति, अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय)

(८) कारोबारको किसिम

(९) कार्यक्षेत्र

(१०) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(११) वार्षिक अनुमानित कारोबार रकम

(१२) कम्पनीको प्रवन्धपत्र, नियमावली

(१३) वैदेशिक कम्पनीले खाता खोल्न दिएको अख्तियारी तथा कारोबार गर्न दिएको अख्तियारी

(१४) वैदेशिक कम्पनीको सञ्चालक र कार्यकारी प्रमुखको व्यत्तिगत विवरण (पद, नाम, थर, ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(१५) नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता सञ्चालकको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(१६) वैदेशिक कम्पनीको प्रमुख दुई पदाधिकारी, नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो, नागरिकता वा राहदानीको छबिचित्र र ती व्यक्तिहरुको ठेगाना पुष्टी हुने कागजात

(१७) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१८) पछिल्लो आर्थिक वर्षको कर दाखिला विवरण

(१९) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ट) कुटनैतिक नियोग/राजदूतावासको खाता

(१) नियोग/राजदूतावासको पत्र

(२) खाता सञ्चालन सम्बन्धी अख्तियारी

(३) खाता सञ्चालकको नाम, थर, ठेगाना, फोटो तथा ठेगाना प्रमाणित हुने कागजात

(४) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**(ठ) गैरआवासीय नेपाली नागरिकको खाता**

(१) पुरा नाम, थर,

(२) राष्ट्रियता, जन्ममिति र लिङ्ग

(३) विदेश स्थित स्थायी र हालको वसोवास वा कार्यरत निकायको पुरा ठेगाना र तत्काल सम्पर्क गर्न सकिने माध्यम

(४) नेपालको पुरा ठेगाना वा सम्पर्क स्थान

(५) आमाबाबु वा आमा वा बाबुमध्ये कुनै एक र बाजेको पुरा नाम

(६) एकल महिला वा एकल पुरुष वाहेकका विवाहितको हकमा श्रीमान्/श्रीमतीको पुरा नाम

(७) आय स्रोत खुल्ने कागजातहरु

(८) नेपाल सरकारको सम्बन्धित निकायबाट जारी गैरआवासीय नेपाली परिचय पत्रको छबिचित्र

(९) राहदानीको प्रमाणित छबिचित्र

(१०) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

*नोट : आर्थिक वर्ष समाप्त भई लेखा परीक्षण सम्पन्न गराउने तथा कर दाखिला विवरण पेश गर्ने सम्बन्धमा कानूनले निर्दिष्ट गरेको समयावधिभित्र कुनै संस्थाको खाता खोल्नु परेमा सो आर्थिक बर्षको भन्दा अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण तथा कर दाखिला विवरण लिई खाता खोल्न सकिने छ ।*

## Threshold Transaction Report (TTR)

| S. N. | Name and address of the person holding account (including legal) | Branch | Date of Transaction | Nature of Transaction | Account Type and No. | Amount Involved | Source of Fund | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**Name:**

Signature :

(Compliance Officer or Authorized Officer)

Name :

Designation :

Phone :

Email :

Fax :

Date :

अनुसूची -१९.३

# Suspicious Transaction Report (STR)

**A. Reporting Institution :**

| | |
|---|---|
| 1. Name of the Institution/Branch: | |

**B. Details of Customer :**

| | |
|---|---|
| 1. a. Name of the Main account holder/s/customer:<br>b. Related Party/ies: | a.<br>b. |
| 2 a. Permanent Address:<br>b. Present Address: | a.<br>b. |
| 3. Profession (As per KYC): | |
| 4. Nationality: | |
| 5. Other account(s) number (if any): | |
| 6. Other business (if nay): | |
| 7. a. Citizen No./PP No./ other ID No./Regd.No.<br>b. Issue Date and Place<br>c. Issuing Agency/Authority | a.<br>b.<br>c. |
| 8. a. Father' Name<br>b. Mother's Name<br>c. Spouse Name<br>d. Grand Father<br>e. Chairman/MD/Proprietor | a.<br>b.<br>c.<br>d. |
| 9. Date of birth (Natural Person)/<br>Date of establishment(Legal Person): | |

**C. Details of Customer :**

1. Account Number

2 Nature of the account
(Current/savings/loan/other, pls. specify)

3. Nature of Ownership: (Individual/proprietorship /Partnership/company/other, pls. specify)

4. Names of Prop./Directors/ Partners etc.

5. Date of A/C opening

6 Other account(s) number (Related Parties):
1.
2.
3.

**D. Transaction**

**a. Transaction Details (Accountwise)**

| Account No. | Year | Total Trans. No. | Total Dr. Amount | Total Trans. No. | Total Cr. Amount | Closing Balance |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| Total upto now | | | | | | |

**Please fill the transaction from opening to present date, Total of Dr. & Cr. (No. & Amount) exclude returned cheques/reverse entries/any other correcting items.**

**b. Details of Top 10 deposites (Last One Year)**

| S.No. | Date | Cheque/Voucher No. | Depositor | Amount | Remarks |
|---|---|---|---|---|---|
| | | | | | |

**c. Details of Top 10 withdrawals (Last One Year)**

| S.No. | Date | Cheque/Voucher No. | Payee | Amount | Remarks |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**d. Details of Loan and any other business and tranasactions with BFI**

**e. Person and Transaction Tree or Map**

**D. Reasons for considering the transaction(s) as unusual/suspicious?**

- Summary of suspicious activities

- Analysis or Examination

- Possible Linkage

**E. Suspicious Activity Information/Typology:**

Summarize characterization of suspicious activity/please specify the typologies (As per Act and FAFG Guideline):

| | | |
|---|---|---|
| a. ☐ Corruption/Gratuity | e. ☐ False statement | h. ☐ Structuring |
| b. ☐ Cheque fraud | f. ☐ debit/credit or other card fraud | i. ☐ Mysterious Disappearance/behavior |
| c. ☐ Tax evasion | g. ☐ Identity Theft | j. ☐ Counterfeit instrument |
| d. ☐ Loan fraud | h. ☐ Terrorist Financing | k. ☐ Misuse of Position or Self |

Others (Please Specify): ..........................................................

**F. Has the Bank/FI taken any action in this context? Give details.**

| |
|---|
| Signature (Compliance Officer or Authorized Officer) :<br>Name :<br>Designation: Date:<br>Phone : Email: Fax: |